महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ३ मितिः २०७८/०३/३०

**भाग-२**

**महाशिला गाउँपालिका**

## गाउँ शिक्षा नियमावली (पहिलो संशोधन) २०७८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो महाशिला गाउँ सभाले यो **गाउँ शिक्षा (पहिलो शंशोधन) नियमावली, २०७८** जारी गरेको छ ।

**प्रस्तावना :** महाशिला गाउँपालिकाको गाउँ शिक्षा नियमावली, २०७५ लाई संशोधन वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार संशोधन गरिएको ।

**१) संक्षिप्त नाम र प्रारम्भ :** १) यस एनेको नाम गाउँ शिक्षा (पहिलो शंसोधन) नियमावली, २०७८ रहेको छ । यस नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२) गाउँ शिक्षा नियमावलीको परिच्छेद ७, नियम ३८ को उपनियम ५ थप गर्ने**

जनशक्ति व्यबस्थापन गर्नेः प्रारम्भिक वालविकास केन्द्रमा जनशक्ति व्यबस्थापन गर्दा महाशिला गाँउपालिकाको करारमा कर्मचारी छनोट गर्ने कार्यविधि, २०७५ बमोजिम आवस्यक जनशक्ति व्यबस्थापन गर्नुपर्ने छ ।

**३) मूल नियमावलीको परिच्छेद ९ को नियम ५० मा उपनियम १२ थप गर्ने**

यस नियममा अन्यत्र जुनसुकै व्यबस्था भएपनि नियमानुसार नेपाल सरकारवाट समुदायलाइ हस्तान्तरण गरिएको सामुदायिक विद्यालयमा विद्यालयको प्रभावकारी व्यबस्थापनका लागि सम्बन्धित विद्यालयको उच्चतम तहमा कार्यरत शिक्षकहरु मध्येबाट विद्यालय व्यबस्थापन समितिले प्रधानाध्यापक तोक्न सक्नेछ ।

**४) मूल नियमावली परिच्छेद ९ को नियम ५७ मा उपनियम १२ थप गर्ने**

यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएता पनि स्थायी शिक्षकको परिक्षणकाल भित्र स्थानीय सेवा क्षेत्र वाहिर सरुवाका लागि सिफारिस गरिने छैन । साथै कुनै शिक्षकवाट विद्यालयको शैक्षिक वातावरणमा दखल पुग्ने गरि कुनै कार्य गरेको भनि वडा शिक्षा समिति, विद्यालय व्यबस्थापन समिति र शिक्षक अभिभावक संघले सिफारिस गरेमा स्थानीय शिक्षा समितिले सिफारिस मनासिव भनि ठहर गरेमा निज शिक्षकलाइ स्थानीय तहको सेवा क्षेत्र भित्रको जुनसुकै विद्यालयमा कामकाजका लागि तत्काल खटाउन वा पेशाबाट निलम्बनका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

**आज्ञाले,**
**लक्ष्मण शर्मा**
**नि.प्रमुख प्रशासकिय अधिकृत**